# पोखरा महानगरपालिका

## कृषि एम्बुलेन्स सेवा संञ्चालन कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> पोखरा महानगरपालिका भित्र कृषि उपज बिक्री तथा ढुवानी सेवाको पहुँचबाट टाढा रहेका साना कृषकहरुलाई सर्वसुलभ पहुच विस्तारका लागि कृषि उपज संकलन केन्द्र एवं कृषि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा कृषि एम्बुलेन्स सेवामा साना कृषकहरुको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्नको लागि कृषि एम्बुलेन्स सेवालाई व्यवस्थित तरिकाले सञ्चालन गर्न वाञ्छनिय भएकोले,

पोखरा महानगरपालिका प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन, २०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "कृषि एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०८०" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज खरिद बिक्रि गर्नका लागी महानगरपालिकाको आर्थिक बिकास महाशाखा अन्तर्गत आवेदन दिएका संकलन केन्द्र, कृषक समुह, सहकारी, कृषक र किसान बजारलाई सम्झनुपर्दछ।

(ख) **"कृषक समुह"** भन्नाले व्यवसायिक कृषि प्रणालि अवलम्वन गर्ने उदेश्यका लागि १० भन्दा वढी कृषक भेला भइ समूह गठन गरि पोखरा महानगरपालिका कृषि विकास शाखामा दर्ता भएका समुहलाई सम्झनुपर्छ।

(ग) **"कृषि उपज"** भन्नाले बजारिकरणको उदेश्य राखी गरीएको कुनै पनि किसिमको कृषि, पशु तथा माछ्राजन्य उत्पादनलाई सम्झनुपर्दछ ।

(घ) **"कृषि एम्बुलेन्स"** भन्नाले सुरक्षित साथ् कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ ।

(ङ) **"संकलन केन्द्र"** भन्नाले पोखरा महानगरपालिका विभिन्न वडामा कृषि उपज संकलन गर्ने उद्देश्यका साथ ब्यबस्था भएका संरचना मा कृषि बजार निर्देशिका अनुसार बनेको समितले ब्यबस्थापन गरेको केन्द्र भन्ने सम्झनुपर्दछ ।

(च) “**शाखा**” भन्नाले पोखरा महानगरपालिका अन्तर्गतको आर्थिक बिकास महाशाखा अन्तर्गत रहको कृषि विकास शाखा तथा सेवा केन्द्र समेतलाई सम्झनुपर्छ।

(छ) “**खुद्रा**” भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ ।

(ज) “**चालक**” भन्नाले कृषि एम्बुलेन्स चलाउने कृषि उपज खरिद बिक्रि लोड अनलोड सरसफाई गर्ने ब्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) “**ज्यामी/भरिया**” भन्नाले कृषि एम्बुलेन्समा कृषि उपज खरिद बिक्रि वा लोड अनलोड र सरसफाई गर्ने ब्यक्तिलाई सम्झनुपर्छ।

(ञ) “**महानगरपालिका**” भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्छ ।

(ट) “**सहकारी**” भन्नाले प्रचलित सहकारीऐन बमोजिम दर्ता भएको सस्था सम्झनुपर्छ ।

(ठ) "**किसान बजार**" उत्पादक वा ब्यबस्थापकले सोझै उपभोक्तालाई बिक्रि बितरण गर्ने गरि ब्यबस्था गरिएको संरचनालाई सम्झनुपर्दछ ।

(ड) “**समिति**” भन्नाले यसै कार्यविधि अन्तर्गत गठन हुने कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ढ) “शहरी योजना आयोग” भन्नाले पोखरा महानगरपालिकाको शहरी योजना आयोगलाई सम्झनुपर्छ ।

३. <u>कार्यविधिको उद्देश्य:</u>यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) नासवान कृषि, पशुपक्षिं, मत्स्य लगायतका उपज ढुवानिलाई सहज गुणस्तरिय र छिटो छरितो हुने गरि व्यवस्था गर्ने ।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थलसम्म पुर्याउदा हुने नोक्सानी बाट जोगाउने र थप आम्दानी वृद्धी गर्ने।

(ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षती न्युनिकरण गरि उपभोक्तासम्म स्वास्थ्य, ताजा र गुणस्तरिय उत्पादन पुर्याउने ।

(घ) महानगरपालिका भित्र कृषि उपज ढुवानीमा कठिनाई भएको सहजै यातायातको साधन उपलब्ध नहुने ग्रामिण भेगमा प्राथमिकता दिइ संञ्चानल गर्ने ।

## ४. कृषि एम्बुलेन्स संचालन संरक्षक तथा संचालन तथा व्यवस्थापन समिति

४.१ कृषि एम्बुलेन्सको संरक्षक पोखरा महानगरपालिकाको कृषि ब्यवसाय प्रबद्र्धन समिति रहनेछ भने देहाय बमोजिमको संचालन एवं व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| अध्यक्ष | १ जना | आर्थिक बिकास महाशाखा प्रमुख |
| सदस्य | ६ जना | प्रत्येक सेवा केन्द्रबाट कृषि एम्बुलेन्समाकारोवार गर्ने सक्रींय कृषकहरु मध्येवाट कम्तिमा ३ जना महिला सहित ६ जना महानगरपालिकाले छनौट गर्ने । |
| सदस्य | ३ जना | नियमित कारोबार गर्ने स्थानिय संकलक वा व्यापारीहरु वा किसान बजार मध्येवाट कम्तिमा १ जना महिला सहित ३ जना महानगरपालिकाले छनौट गर्ने छनौट गर्ने । |
| सदस्य सचिव | १ जना | व्यवस्थापन समितिको व्यवस्थापक वा तोकिएको अधिकृत स्तरको कर्मचारी (निर्णय प्रक्रियामा मताधिकार नहुने) |
| जम्मा | ११ जना | |

४.२ समितिको पदावधि ३ वर्षको हुनेछ ।

४.३ सदस्यहरु चयनको हकमा प्रतिनिधीमुलक हिसावले भूगोल र कारोवारको प्रकृति र बजारमा सहभागिहरुको आम भेला मार्फत हुनेछ । यस प्रकृयालाई यथासम्भव सर्वसम्मत बनाउने प्रयास असफल भएमा प्रजातान्त्रिक तरिकाले चुनाव गराई सदस्यहरुको चयन गरिनेछ ।

४.४ कुनै सदस्यको मृत्यू वा वसाईसराई वा राजिनामा वा कारवाही वा अन्य कारणले पद रिक्त भएको अवस्थामा जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रकृयाको आधारमा बाँकी पदावधिका लागि पदपूर्ति गरिनेछ ।

४.५ समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

४.६ समितिको बैठकमा आवश्यकता अनुसार शहरी योजना आयोगको सम्वन्धित क्षेत्र हेर्ने पदाधिकारी तथा अन्य विषय विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

४.६ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कृषि एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने ।

(ग) कृषि एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई र व्यवस्थापन गर्ने ।

(घ)निश्चित मापदण्डका आधारमा कृषि एम्बुलेन्सको भाडा निर्धारण गर्ने ।

(ङ) सेवा केन्द्रलाई आधार मानी कृषि एम्बुलेन्सको रुट बार (दिन) अनुसार हुने गरि निर्णय गर्ने ।

(च)नियमित रुपमा कृषि उपजहरु विक्रि ल्याउने कृषक, समुह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोवारको तथ्यांक अध्यावधिक गर्ने । उक्त तथ्यांकको आधारमा उत्कृष्ट कृषक एवं व्यापारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने।

(छ)कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा ब्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्ने । यसरी मुल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिने छ ।

(ज)यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुचमा हुने गरि प्रकाशन गर्ने ।

(झ) महिनामा कम्तीमा १ पटक समितिको बैठक बसी मासिक प्रगती बारे छलफल गर्ने ।

४.७ समितिको अध्यक्षले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक तीन महिनामा कृषि ब्यबसाय प्रबर्दन समितिलाई पेश गर्नुपर्नेछ ।

## ५. कृषि विकास शाखाको काम, कर्तब्य र अधिकार

(१) महानगरपालिका कृषि विकास शाखाबाट एम्बुलेन्स सेवा सञ्चालन हुनेछ।

(२) कृषक/कृषक समुह/कृषि सहकारीको कृषि उपजको ब्यबस्थापनका लागि कृषि बिकाश शाखाले आवश्यक जनशक्ति को व्यवस्थापन गर्ने छ ।

(३) कृषि बिकाश शाखाले आवश्यकता अनुसार दैनिक/साप्ताहिक/मासिक योजना बनाइ कृषि उपज संकलन केन्द्रबाट ढुवानी गरी किसान बजार, कृषि बजार, तरकारी बिक्रि केन्द्र तथा अन्य सम्भावित स्थानमा वडा कार्यालय तथा टोलबिकास समिति संग समन्वय गरि उत्पादन संकलन तथा बिक्रि वितरणको ब्यबस्थापन गर्नेछ ।

(४) कृषि एम्बुलेन्सबाट खरिद बिक्री गरिएको कृषि उत्पादन र लाभान्वितको विवरण कृषि शाखाले राख्नेछ।

(५) कृषि शाखाले तोकेको संकलन केन्द्र बाट संकलित कृषि उपज कृषि एम्बुलेन्स मार्फत निशुल्क ढुवानी हुनेछ अन्य समूह, सहकारी, कृषक र कृषि फर्मका कृषि उपज ढुवानी गर्दा कृषि शाखाको पूर्व अनुमति लिई ढुवानी गराउनु पर्नेछ

(६) ब्याक्तिगत प्रयोजनको लागि ढुवानी गर्दा जिल्ला दर रेट तथा चिस्यान सुविधा प्रयोग गर्दा हुने इन्धन खपतलाई समेत आधार मानी आपसी साझेदारीमा भाडा कायम गरिनेछ सोको राजश्व भुक्तानी गर्नु पर्नेछ | एम्बुलेन्स मार्फत ढुवानी गराउदा धेरैमा एक पटकमा १२०० के.जी सम्म मात्र ढुवानी गराउनु पर्नेछ र १ वार्षिक ईन्धन तथा मर्मत संम्भार खर्चको व्यवस्था पोखरा महानगरपालिका कृषि शाखाले गर्नेछ

(७) कृषि शाखाले कृषि एम्बुलेन्स मार्फत खरिद तथा बिक्री वितरण गर्दा न्युनतम समर्थन मुल्यको सुनिश्चित गर्नेछ ।

(८) कृषि एम्बुलेन्स व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि आर्थिक बिकाश महाशाखा प्रमुखले कृषि विकास शाखामा कार्यरत एक कृषि प्राविधिकलाई कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क व्यक्तिको रुपमा तोक्नसक्ने छ ।

(९) कृषि एम्बुलेन्स लाइ असर नगर्ने गरि कृषक को लागि आवश्यक उत्पादन सामाग्री ढुवानिमा सहजीकरण गर्न सक्नेछ | सफा स्वच्छ उत्पादन संकलन तथा वितरणको ब्यबस्था मिलाउनुपर्नेछा |

(१०) संकलन तालिका, बिक्री तालिका, तथ्यांक संकलन, दर रेट निर्धारण, डिजिटल प्रबिधि मार्फत अपडेट गर्ने, प्रकाशन प्रचार प्रसार को ब्यबस्था तथा दैनिक अनुगमन गर्नुपर्नेछ |

६. <u>कृषि उपज संकलन सम्बन्धी व्यवस्था:</u> (१)कृषक/समुह/सहकारी/संकलन केन्द्र संग समन्वय गरि तरकारी संकलन केन्द्रमा संकलित ताजा तरकारी संकलन तथा खरिदको ब्यबस्था गरिनेछ ।

(२) संकलन गरिने कृषि उपज महानगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ, कम गुणस्तर र अनुपयुक्त भएमा संकलनको लागि बाध्य हुने छैन |

(३) कृषि उपजको संकलन तोकिएको क्षेत्र, दिन वा संकलन गर्नयोग्य उत्पादनको परिमाण अनुसार हुनेछ ।

(४) संकलन केन्द्रमा कृषि उपज ल्याउनेको बिबरण, गुणस्तर को जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ | संकलन कर्तालाई तथा खरिद कर्तालाई बिल उपलब्ध गराउनुपर्नेछ |

७. <u>कृषि एम्बुलेन्स मार्फत बिक्रीको लागि संकलित कृषि उपज बिक्री वितरण सम्बन्धी व्यवस्था:</u> (१)कृषकहरुबाट उत्पादन भई कृषि एम्बुलेन्स मार्फत खरिद गरीएको कृषि उपज सुलभ र ताजा रुपमा बिक्री वितरण गरिनेछ। ।

(२) उपदफा (१) बमोजिम तरकारीहरुको जर्ती तथा तरकारीमा क्षति समेतलाई विचार गरी खरिद मुल्यमा २० प्रतिशत सम्म मुल्य बृद्धि गरी उपभोक्ताहरुलाई बिक्री वितरण गरिनेछ उक्त बृद्धि गरि बिक्रि गरिएको रकम जर्तीको रकम बराबर मानिनेछ

(३)कृषि एम्बुलेन्स मार्फत संकलित कृषि उपज सोझै उपभोक्तालाई बिक्रि वितरण गर्ने किसान बजार,साझेदार बजार आदिलाई उपलब्ध गराउनुपर्नेछ ।छुट्टै बिक्रि केन्द्र निर्माण नहुदासम्म वार्ड कार्यालय, कृषि संजाल तथा संघ संस्थाको समन्वयमा निश्चित समय तोकी खुल्ला स्थानबाट सोझै कृषि एम्बुलेन्स मार्फत बिक्रि वितरण गर्न सकिनेछ ।

(४) अनलाइन मार्फत माग गर्ने वा घरायसी प्रयोजनको लागि मात्र आवश्यक हुने परिमाण संकलित उत्पादन वितरणको लागि पहिलो प्राथमिकता दिनुपर्नेछ ।

८. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u>(१)कृषि एम्बुलेन्स मार्फत खरिद भएका कृषि उपजहरु बिक्रि वितरणमा असहज परिस्थिति आइ कृषि उपज सड्ने गल्ने गरि बिग्रिएमा सो को क्षतिपूर्ति महानगरपालिकाबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति निर्धारण गर्दा एम्बुलेन्स व्यवस्थापन हेर्ने कृषि विकास महाशाखाको कृषि प्राविधिक, कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी र सम्बन्धीत कृषि सामाग्री खरिद गरिएको संकलन केन्द्रको कम्तिमा एकजना कृषकको सहभागितामा वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षतिमुल्य निर्धारण गर्दा १० प्रतिशत भन्दा बढी क्षति भएमा मात्र क्षतिपूर्ति वापतको रकम भुक्तानी गरिनेछ। कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी को लापरवाहीका कारण एम्बुलेन्स, कृषि उपज लगाएतका सामाग्री क्षतिभएमा चालकर भरिया/ज्यामी संग उपदफा २ बमोजिम वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गरि असुल उपर गर्नु पर्ने छ

९. **जनशक्ति सम्बन्धी व्यवस्था:**(१)कृषि एम्बुलेन्स संचालनको लागि महानगरपालिकाको आर्थिक बिकास महाशाखाबाट एक जना सम्पर्क प्राबिधिक, एक जना हलुका सवारी चालक र एक जना ज्यामी/भरियाको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालकको लागि प्रचलित कानूनबमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछ। ज्यामी/भरियाको हकमा कार्य प्रकृतिको आधारमा योग्य र सक्षम ज्यामी/भरिया व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्था गरिएका जनशक्तिहरुलाई दैनिक ज्यालादारिमा भर्ना गरी कास्की जिल्ला समन्य समितिको दर रेट अनुसारको पारिश्रमिक भुकतानी गरिनेछ।

१०. **कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार:**कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संकलन केन्द्र, कृषक समूह, शहकारी, फर्म, वडा कार्यालय, टोल बिकाश समती संग समन्वय गरि कृषि उपज खरिद बिक्रि वितरणको ब्यबस्थापन गर्ने,

(ख) कृषि एम्बुलेन्स मार्फत खरिद बिक्रि गरिएको कृषि उपजको तथ्यांक एम्बुलेन्स चालक तथा ज्यामी/भरिया संग माग गरि राख्ने,

(ग) कृषि एम्बुलेन्स लाइ आबश्यकता अनुसार कृषि उपज खरिद बिक्रीका लागि खटाउने ।

११. **एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकार:** एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक पार्दर्शिता ईमान्दार,असल चरित्र प्रदर्शन गरि तथा पुर्ण जिम्मेवारी भई आर्थिक बिकास महाशाखा अन्तर्गत कृषि शाखा तथा कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको निर्देशन अनुसार जुनसुकै समयमा पनि कृषि उपजको खरिद बिक्रि लोडअनलोड तथा ब्यस्थापन गर्नु पर्नेछ।

(ख)मासिक रुपमा तथा कृषि शाखाले माग गर्दा जुन सुकै बेला ढुवानी साधनको स्थिति तथा कारोवारको प्रगति विवरण लिखित तथा डिजिटल माध्यमबाट उपलब्ध गराउनुपर्नेछ।

(ग) ढुवानी साधनको विमा विलवुक नविकरण समयमै ब्यबस्थापन गर्ने।

(घ) कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकले तोकेको क्षेत्रमा गई सम्बधित कृषक, समूह, सहकारी, संञ्चालक समिति, वडा कार्यालय तथा टोल बिकाश संस्था संग समन्वय गरि कार्य गर्नु पर्नेछ।

(ङ) ढुवानी साधनको मर्मत सम्भार र दैनिक क्रियाकलापमा भए गरेका फोटो तथा आम्दानी तथा खर्चको विवरण दुरुस्त प्रस्तुत वा पेशगर्ने अन्यथा आर्थिक पार्दशिता अवलम्वन नगरेमा वा आर्थिक वेईमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारि नियमावलि अनुसार कारवाहि गरिनेछ ।

(च) कृषि उपज संवेदनशिल बस्तु भएकाले कार्यालय समय भन्दा अघिपछी वा जुनसुकै समयमा पनि खरिद विक्रिवितरण गर्नुपर्नेछ।

(छ) खटाईएको क्षेत्र भन्दा बाहिर गई कारोवार गर्न पाईने छैन खरिद गरेको कृषि उपज ग्रेडिङ, प्याकेजिङ गरि विक्रि वितरण गर्नुपर्नेछ।

(ज) चालकले स्वीकृति बिना अन्य व्याक्तिलाई कुनै पनि वेला ठाउ र परिवेसमा चलाउन दिन मिल्ने छैन।

(झ) नेपाल सरकारले जारिं गरेका यातायात सम्वन्धि सम्पुर्ण नियमहरुको आदेशपान लागु गर्नुपर्नेछ।

१२. **अभिलेखिकरण, अनुगमन, मुल्यांकन:** (१) पोखरा महानगरपालिका, आर्थिक बिकास समित, कृषि ब्यबसाय प्रबर्दन समिति, सम्बन्धित वार्ड कार्यालय सो अन्तर्गत आर्थिक बिकाश महाशाखा र कृषि विकास शाखाले कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यको आवश्यकता अनुसार अभिलेखिकरण, अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

१३. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आर्थिक बिकास महाशाखा कृषि बिकास शाखाको सिफारिसमा त्यस्तो बाधा अडकाउ कार्यपालिकाले फुकाउन सक्नेछ ।